# राष्ट्रिय कृषि नीति, २०६१को परीक्षण

# प्रतिवेदन

२०७४

# विषय सूचि


| क्र.सं. | विषय | पेज नं |
|---|---|---|
| 1 | परिचय | 1 |
| 2 | नीति परीक्षण | 3 |
| 3 | कार्यान्वयन तथा अनुगमन व्यवस्था | 14 |
| 4 | परीक्षण परिणाम | 15 |
| 5 | परीक्षण परिणामर सुझाव | 17 |
| 6 | अनुसूची | 19 |

# १. परिचय

## १.१ पृष्ठभूमिः

संयुक्त राष्ट्र संघकाअनुसार  सार्वजनिक नीति भनेको सरकारी नीति हो । सार्बजनिक नीति  भन्नाले राज्यले अख्तियार गर्ने कार्ययोजना बुझिन्छ । यसले व्यक्ति, समाज, राज्यको यावत संयन्त्रमा प्रभाव पार्ने हुंदा समयसामयिक हुनु जरुरी हुन्छ ।

नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हककारूपमा प्रत्याभूत गरेको छ । देशको करिब ६३ प्रतिशत जनसङ्ख्याको रोजगारी तथा जीविकाको आधार कृषि हो । राष्ट्रको कुल गार्हस्थ्यउत्पादनमा कृषिको योगदान करिब ३२ प्रतिशत रहेको छ ।कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा,व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण  आवश्यक तर चुनौतिपूर्ण भएको छ ।

नेपालकोभौगोलिक अवस्थाबाट प्राप्त गर्न सकिने अवसर र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट संविधानको मर्मबमोजिम खाद्य सुरक्षाको सुनिश्चिततार देशको दीगो आर्थिक वृद्धिकासाथ विकास गर्न समयानुकूलको कृषि नीति आवश्यक छ । कृषि क्षेत्रको समग्र विकासका लागि ल्याइएको कृषि विकासको नीतिगत रुपरेखा २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको हो । हाल २०७२ साल देखि  २० वर्षे कृषि विकास रणनीति(ADS)कार्यान्वयनमा आएको छ । तत्काल देशले अपनाएको आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा गरेको प्रतिबद्धता, सहस्राब्दी विकासका लक्ष्यहरूलाई संबोधन गर्न र यस क्षेत्रमा  तर्जुमा हुने वस्तुगत तथा विषयगत नयाँ नीतिहरू यसै नीतिबाट निर्देशित हुने  गरी नेपाल सरकारले जारी गरेकोराष्ट्रिय कृषि नीति,२०६१ ले बाह्र वर्ष पूरा गरेको छ ।

## १.२ सन्दर्भ/औचित्यः

नेपालको कृषि क्षेत्र करिब ६३ प्रतिशत जनसङ्ख्याको रोजगारी तथा जीविकाको आधार रही राष्ट्रको कुल गार्हस्थ्यउत्पादनमा करिब ३२ प्रतिशत योगदान रहेको सन्दर्भमा नेपाल सरकारले समय/समयमा कृषि क्षेत्रसंग संबन्धित विभिन्न विषयगत नीतिहरु तर्जुमा/जारी गरी कार्यान्वियनमा ल्याएको पाईए पनि अद्यावधिकरुपमा तत्काल त्यसको कार्यान्वयन अवस्था तथा प्रभावकारीतालाई एकीन गर्ने दस्तावेज वा आवश्यक अध्ययन भएको कमै पाइन्छ । कतिपय अवस्थामा नीति कार्यान्वयन गर्ने निकायलाई नै आफ्नो छुट्टै नीति भए नभएकोबारेद्विबिधा/भ्रम रहेको देख्न पाइन्छ । समय समयमा नीतिहरुको कम्तिमा रेखाङ्कन(Mapping) तयार गरी यसको परीक्षण गर्नु समय सान्दर्भिक ठहर्दछ । गएको दशकभित्र देशमा भएको परिवर्तनसंगै बाह्र वर्ष पूरा गरिसकेको राष्ट्रिय कृषि नीति,२०६१ को परीक्षण/अवस्थाअध्ययन आवश्यक भएको छ ।

## १.३ उद्देश्यः

समग्रमा, राष्ट्रिय कृषि नीति, २०६१ मा उल्लेख भएका नीतिहरुकोकार्यान्वियन तथा यसको प्रभावकारीताबारे संक्षिप्त समीक्षा/परीक्षण गर्नु योअध्ययनको उद्धेश्य हो ।

## १.४ विधिः

राष्ट्रिय कृषि नीति, २०६१ को परीक्षण कार्यका लागि तोकिएको कार्य विवरणअनुसार अध्ययनका लागि मुख्यतः द्वितीय तह (Secondary Source)को सूचना तथा तथ्याङ्कलाई आधार मानिएको छ । नीति विश्लेषणका लागिउपलब्ध भएसम्मका कृषि विकासका लागि बनेका नीति, योजना, कानून, कृषि

विकास मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयहरुको प्रतिबेदन तथा कृषिसंग सम्बन्धित उपलब्ध प्रकाशित/अप्रकाशित प्रतिवेदनहरुलाई आधार मानिएको छ ।

अध्ययनकोसिलसिलामा कृषि विकास मन्त्रालय तथा अन्तर्गत र प्रधानमन्त्री तथा मन्त्रिपरिषदका कार्यालयका सम्बन्धित पदाधिकारीहरुसंग नीति परीक्षण/अध्ययनतयारी वैठक, छलफल, परामर्शबाट प्राप्त विचार एबं सुझावहरुलाई अध्ययन प्रतिवेदनमा समावेश गरिएकोछ ।

नीति परीक्षण/अध्ययनको क्रममा संकलितआवश्यक गुणात्मक र संख्यात्मक सूचना तथा तथ्याङ्कको मूल आधारयस नीतिसंग सम्बन्धित क्षेत्रगत विभिन्न नीति, नियम,अभिलेख तथा प्रतिवेदनहरुको अध्ययन र विभिन्न जानिफकारहरु एबम् सरोकारवाला व्यक्तिहरुसंगको भेटघाट, अन्तरक्रिया, छलफल तथा सम्बन्धित निकायहरुको वेभपेजहरुलाईमानिएको छ ।

## १.५ कार्यावधिः

नीति परीक्षणको प्रतिवेदन सम्झौताबमोजिमको साढे तीन महिनाको समय सीमाभित्र रही तयार गरिएको छ ।

## १.६ सीमितताः

राष्ट्रिय कृषि नीति, २०६१ को विस्तृत परीक्षण गरी प्रभाव मूल्याङ्कन गर्ने कार्य ज्यादै बृहद् तथा चुनौतिपूर्ण रहेकोले सीमित लागत र छोटो अध्ययन अवधि यो अध्ययनको सीमा रहेकोछ । कृषि क्षेत्र कृषि विकास मन्त्रालयको क्षेत्रभन्दा बाहिर पनि (क) बाली, पशु, वन र मत्स्य (ख) सिँचाइ, र कृषि एवं ग्रामीण पूर्वाधार (ग) उत्पादन, व्यापार, प्रसोधन र बजार (घ) विभिन्न मन्त्रालय र निकायको कार्यक्षेत्रमासमेत फैलिन्छ । सरकारी निकाय बाहेकका कृषक र तीनका संगठनहरू, निजी क्षेत्रका उद्यमी र तिनका संगठनहरू र गैरसरकारी संस्था पनि पर्दछन् । यी सबै क्षेत्रसमेट्न समय र लागतबाट संभव रहेन । यसैले नीतिको विस्तृत् नभै ज्यादै संक्षिप्त र सांकेतिक परीक्षण/अध्ययन गरिएको छ ।

## १.७ संप्राप्ति

तोकिएको कार्यशर्तको उद्धेश्य मुताविकयो अध्ययनको उपलब्धि राष्ट्रिय कृषि नीति, २०६१ को संक्षिप्त परीक्षण प्रतिवेदन रहेकोछ ।

# २. नीति परीक्षणः

अध्ययनको उद्देश्य, तोकिएको कार्यगत शर्त, उपलब्ध दस्तावेजहरुका आधारमा राष्ट्रिय कृषि नीति, २०६१ को परीक्षण/विश्लेषणको विवरण निम्नबमोजिम रहेको छः

२.१ नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार कृषि विकास मन्त्रालयको जिम्मेवारीअन्तर्गत कृषिसंबन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन/खाद्यान्न, नगदे, औद्योगिकलगायतका विभिन्न बालीहरुको विकास तथा प्रवर्धन/कृषि औजार तथा प्रविधिको अनुसन्धान, विकास तथा विस्तार/कृषि उत्पादन तथा बजार व्यवस्थापनलगायतका कृषि विकासका लागि आवश्यक प्राय सम्पूर्ण कार्यहरु तोकिएकाछन् ।

समयसमयमा मन्त्रालयहरुको विभाजन र एकीकरणकाबखत कार्य विभाजनमा परिवर्तन हुंदाकाबखतकहीं दोहोरोपन, द्विविधा तथा अष्पष्टता रहेको देखिएको छ । राष्ट्रको मूल कृषि नीति र मन्त्रालयको कार्यजिम्मेवारीबीच पूर्ण सामन्जस्यता हुन जरुरी छ ।

२.२ राष्ट्रिय कृषि नीति, २०६१रनेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार कृषि विकास मन्त्रालयलाई तोकिएको क्षेत्रको धार एकै रहेको छ ।

२.३.कृषि विकास मन्त्रालयकोसंगठनको द्दष्टिकोण र उद्धेश्य तथा राष्ट्रिय कृषि नीति, २०६१ को द्दष्टिकोण र उद्धेश्यबीच अन्तर देखिदैन । नीतिअनुसार मन्त्रालयको वेभसाइटमा राखिएको विवरणलाई बढी विस्तारितरुपमा स्पष्ट ढंगले प्रस्तुत गर्दा सरोकारवालाहरुलाई बढी जानकारी र स्पष्ट हुन सक्ने देखिन्छ । राष्ट्रिय कृषि नीति, २०६१ को मूलप्रति अनुसूची (क) मा दिइएकोछ ।

२.४राष्ट्रिय कृषि नीति, २०६१ को पृष्ठभूमिमा "..यस (कृषि) क्षेत्रमा तर्जुमा भएका र नयाँ तर्जुमा हुने वस्तुगत तथा विषयगत नीतिहरू यसै नीतिबाट निर्देशित हुनेछन्"रकार्यान्वयनतथाअनुगमनव्यवस्थाअन्तर्गत"..साथै, वस्तुगत तथा विषयगत नीतिहरू निर्माण गर्दा यस राष्ट्रिय नीतिसँग नबाझिने गरी गर्नुपर्नेछ"भन्नेउल्लेखभएबाट यो नीति कृषि बिकासका लागि राष्ट्रको मूल छाता नीतिकोरुपमा रहेको छ ।

कृषि विकास मन्त्रालयले प्रकाशन गरेको "कृषिसम्बन्धीनीतिहरुकोसंगालो, २०७२"माप्रत्यक्षवापरोक्षरुपमाराष्ट्रियकृषिनीति, २०६१ पश्चात बनेका कृषिसंग सम्बन्धित १७ वटा नीतिहरु रहेका छन । अनुसूची (ख) को सूचीमा राखिएका यी नीतिहरुमा रहेका विषयहरु कृषि नीतिले राखेको उद्देश्य परिपूर्तिमा सहायकसिद्ध हुने देखिन्छन् ।

यी नीतिअन्तर्गत अर्थात राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्यअनुरुप करीब १७ ऐनहरु र सोहीबमोजिमका नियमावलीहरु कार्यान्वियनमा रहेका छन् ।

२.५राष्ट्रिय कृषि नीति, २०६१ ले राखेको उद्देश्य प्राप्तिका लागि आवश्यक विषयगत क्षेत्रका नीति, ऐन तथा नियमावलीहरुबाहेक कृषिअन्तर्गत विषयगत कार्यक्रम तथा आयोजना/परियोजना संचालन गर्न ७ दर्जन भन्दा बढी अन्य निर्देशिका, कार्यविधि तथा मार्गदर्शनहरु लागू गरिएका छन् ।

यी निर्देशिका, कार्यविधि तथा मार्गदर्शनहरुको वास्तविक कार्यान्वयन स्थिति एकीन गर्न भने छुट्टै अध्ययन गर्नुपर्ने हुन्छ ।

## २.६ कृषि विकासका मूल कार्यक्रम तथा आयोजनाहरु

### २.६.१ कार्यक्रमहरु

२.६.१.१ विशेषकृषि उत्पादन कार्यक्रम

- रासायनिक मलमा अनुदान
- उन्नत वीउ अनुदान

२.६.१.२ आलु तरकारी तथा मसला बाली विकास कार्यक्रम

- वीउ आलुमा आत्म निर्भर कार्यक्रम
- बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम
- अलैंची खेती कार्यक्रम

२.६.१.३ खाद्य पोषण तथा प्रविधि कार्यक्रम

- खाद्य स्वच्छता तथा गुणस्तरीय नियमन कार्यक्रम
- प्रयोगशाला परीक्षण तथा क्वारेन्टाइन सेवा
- खाद्य प्रौद्योकीकरण
- एस.पी.एस. इन्क्वायरी सेवा
- पोषण ज्ञान विस्तार कार्यक्रम

२.६.१.४ कृषि प्रसार तथा तालिम कार्यक्रम

२.६.१.५ कृषि व्यवसाय प्रर्वद्धनतथा बजार विकास कार्यक्रम

२.६.१.६ कर्णाली अञ्चल कृषि विकास कार्यक्रम

२.६.१.७ कृषि प्रसार कार्यक्रम (७५ जिल्ला)

२.६.१.८ बागवानी विकास कार्यक्रम

२.६.१.९ बाली विकास कार्यक्रम

२.६.१.१० मत्स्य विकास कार्यक्रम

२.६.१.११ कृषि सूचना तथा संचार कार्यक्रम

**२.६.२ कृषि विकासका आयोजनाहरु**

२.६.२.१ साना तथा मझौला कृषक आयस्तर बृद्धिआयोजना

२.६.२.२ व्यवसायिक कृषि तथा ब्यापार आयोजना

२.६.२.३ उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना

२.६.२.४ खाद्य संकट संबोधन कार्यक्रम

२.६.२.५ समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम

२.६.२.६ उच्च मूल्य कृषि वस्तु विकास आयोजना

२.६.२.७ किसानका लागि उन्नत वीउविजन आयोजना

२.६.२.८ कृषि तथा खाद्य सुरक्षा आयोजना

२.७ नेपालका पछिल्ला केही आवधिक योजनाहरु अध्ययन गर्दा ती योजनाहरुले राखेको सोच, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरुवीच सारभूत रुपमा त्यति ठूलो अन्तर देखिदैन । तीन/तीन वर्षीय एघारौं, बाह्रौं, तेह्रौं र चौधौं आवधिक विकास योजनाहरुले राष्ट्रिय कृषि नीति, २०६१ कार्यान्वयनको अन्तरालमाकृषि क्षेत्रका लागि लिएको सोंच, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरुको निम्नबमोजिमको विवरणले सो स्थिति देखाउछ ;

आवधिक योजनाहरुमा कृषि

| | **चौधौं योजना (२०७३/७४-७५/७६)** | **तेह्रौंयोजना (२०७०/७१-७२/७३)** | **बाह्रौं योजना (२०६७/६८-६९/७०)** |
|---|---|---|---|
| सोच/ दीर्घकालीन सोच | देशमा खाद्य सम्प्रभुता र | खाद्य तथा पोषण सुरक्षाको | खाद्य र पोषण सुरक्षाको |

| | | | |
|---|---|---|---|
| | खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति | सुनिश्चिताको लागि निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धी कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमवाट जीवनस्तरमा सुधार ल्याउने | अवधारणा र सहस्राब्दी विकास लक्ष्य अनुरुप दीर्घकालीन कृषि योजना र राष्ट्रियकृषि नीतिलाई कृषि विकासका लागि मूल नीतिको रुपमा अङ्गीकार गरी यस क्षेत्रको आधुनिकीकरण एवं व्यवसायीकरण गरी प्रतिस्पर्धी बनाइने |
| लक्ष्य | दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर उन्मुख बनाउने । | – | – |
| उद्देश्य | १) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुनु<br>२) निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु<br>३) कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु<br>४) कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पु-याउनु | १) कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने<br>२) कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउने<br>३) वातावरण मैत्री एवं जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि कृषि प्रविधिहरूको विकास र विस्तार गर्ने<br>४) कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धनएवं सदुपयोग गर्ने। | १. कृषि क्षेत्रलाई राष्ट्रको अर्थतन्त्रको मेरुदण्डको रुपमा अंगीकार गर्दै कृषि क्षेत्रको आधुनिकीकरणतथा व्यवसायीकरण गरी खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना र गरीबी न्यूनीकरण तथाव्यापार सन्तुलनमा कृषि क्षेत्रको योगदान बढाउने<br>२. कृषक एवं अन्य सरोकारवालाहरुकोआवश्यकता अनुरुप कृषि तथा पशुपक्षीजन्य वस्तुहरुकोउत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी ग्रामीण जनताको आर्थिक स्तरमा सुधार गर्ने |
| रणनीति | १) कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने<br>२) तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनमाआत्मनिर्भरता हासिल गर्ने<br>३) कृषि क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फआकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने<br>४) जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषिप्रविधिको विकास र विस्तार गर्ने | १) कृषि तथा पशु पंक्षीजन्य उत्पादनको व्यावसायीकरण, विविधीकरण तथा गुणस्तरीय उत्पादनको लागि गुणस्तरीय उत्पादन सामग्रीहरू, उन्नत प्रविधि एवं कृषि पूर्वाधार र सुलभ कृषि कर्जाको व्यवस्था गर्ने<br>२) कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा अनुदानको दायरा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने दिशामा प्रतिस्पर्धात्मक क्षमता वढाउने<br>३. कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर मापदण्ड निर्धारण गर्ने ।<br>४. कृषकहरूलाई कम आयतन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषि तथा पशुजन्य उद्योगको विकासमा जोड | १.कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण र ग्रामीण पूर्वाधारहरुको विकास मार्फत कृषिकोउत्पादकत्व बढाई खाद्य सुरक्षा तथा पोषण आवश्यकताको सुनिश्चितता कायम गर्ने तर्फ केन्द्रित गरिने<br>२.उन्नत नश्लका पशुपंक्षीहरुको उपलब्धता सरल र सुलभ तुल्याउनुका साथै पशुपन्छीजन्य उत्पादनको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने<br>३. खाद्य, कृषि तथा पशुपंक्षीजन्य वस्तुको गुणस्तर परीक्षण, अनुमगन र नियमनलाई प्रभावकारी बनाउने<br>४. कृषिजन्य जैविक विविधताको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकूलनप्रविधिहरुको विकास र विस्तार गर्ने । |

| | | | |
|---|---|---|---|
| | | दिने । ५. गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय स्तरका जनताको पहुँच हुने गरी प्रभावकारी बनाउदै बजारीकरणलाई प्रवर्धन गर्ने । ६. कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्र्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरण मैत्री कृषि प्रविधिहरूको विकास एवं विस्तार गर्ने ७.कृषिलाई सम्मानजनक र आकर्षक पेसाको रूपमा विकास गरी युवाजनशक्तिलाई व्यवसायिक कृषितर्फआकर्षण गर्ने । ८. अनुसन्धानबट विकास भएका प्रविधिहरूको विस्तारमा कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैह्रसरकारी संस्थाहरू बीच अन्तरनिकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयन पक्षलाई नतिजा उन्मुख वनाउने । ९. यान्त्रीकरणको माध्यमबाट गरी लाभ-लागत अनुपात वृद्धि गरी कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाउन | ५. प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने । ६. कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई समन्वयात्मक रुपमा सञ्चालन गर्ने । ७. करार खेती र सहकारी खेतीलाई प्रोत्साहन गर्ने ८. कृषि तथा पशुपंक्षी बजारको विकास र विस्तार गर्ने । |
| प्रमुख कार्यक्रमहरू | १. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि २. कृषिजन्य वस्तुहरूको व्यवसायीकरण र बजारीकरण ३. कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम ४. कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण ५. गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना | १. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि २. पशुजन्य वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धि ३. कृषि सूचना तथा सञ्चार एवं प्रसार र तालिम ४. कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण ५. मानव तथा पशु रोग व्यवस्थापन एवं विपद् व्यवस्थापन तथा सचेतना | १. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि २. पशुजन्य वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धिः ३. कृषि तथा पशुजन्य वस्तुको व्यवसायीकरण र बजारीकरणः ४. कृषि सूचना तथा संचार एवं प्रसार र तालिमः |
| लगानी/बजेट | २८,२५७ करोड (११.७ %) | २२,८१० करोड (१५.५ %) | १३,७१४ करोड (१३.४०%) |

..........आवधिक योजनाहरुमा कृषि

| | | |
|---|---|---|
| | तीन वर्षीय अन्तरिम (एघारौं) योजना | राष्ट्रिय कृषि नीति, २०६१ |

| | | |
|---|---|---|
| | (२०६४/६५६६/६७) | |
| सोच/दीर्घकालीन सोच | दीर्घकालीन कृषि योजना र राष्ट्रिय कृषि नीतिलाई कृषि विकासका लागि मूल नीतिकोरुपमा अङ्गीकार गरी कृषि क्षेत्रलाई आधुनिक एवं व्यवसायीकरण गरिनेछ । | निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहने छ |
| लक्ष्य | | |
| उद्देश्य | (१) कृषि तथा पशुजन्य वस्तुको उत्पादन एवं उत्पादकत्व बढाउनु<br>(२) खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै खाद्य सम्प्रभुता कायम गर्नु<br>(३) निर्वाहमूखी कृषि तथा पशुपालन पेशालाई व्यवसायिक बनाउदै क्षेत्रीय र बिश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउनु ।<br>(४) ग्रामीण युवा, महिला, मधेसी, आदिवासी, जनजाति, अपांङ्ग, मुस्लिम तथा विपन्न वर्गहरुकोलागि रोजगारीका अवसरहरु वृद्धि गर्नु ।<br>(५) वातावरण–मैत्री प्रविधिहरुको विकास एवं विस्तार गरी कृषि जैविक विविधताको संरक्षण,<br>सम्वर्द्धन एवं सदुपयोग गर्नु | १. कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।<br>२. व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्वबजारसँग प्रतिस्पर्धात्मक बनाउने<br>३. प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने । |
| रणनीति | १. कृषि उत्पादनलाई आवश्यक पर्ने उन्नत तथा गुणस्तरीय वीउको सुनिश्चित एवं उन्नतनश्लका पशुपंक्षीहरुको उपलव्धता सरल र सुलभ तुल्याउनुका साथै कृत्रिम गर्भाधानसेवालाई विस्तार गर्ने ।<br>२. पानीको नियमित आपूर्तिमा अभिवृद्धि गर्नको लागि तराईमा भूमिगत सिंचाइ तथा सतहसिंचाइ र पहाडमा सतही सिंचाइ, सुक्ष्म सिंचाइ एवं वर्षाको पानी संकलन गर्ने प्रविधिहरुमालगानी वृद्धि गरी कृषकहरुको आर्थिक क्षमता तथा स्थितिको आधारमा उत्पादन लागत कमगर्न सहुलियत प्रदान गर्ने ।<br>३. भूमि, पानी तथा श्रम जस्ता महत्वपूर्ण उत्पादनशील स्रोतको दिगो उपयोगलाई सुनिश्चितगर्ने ।<br>४. कृषि ऋण प्रवाह प्रक्रियालाई सरल र सुलभ गराई ऋण लगानी वृद्धि गराउनका साथै ऋणप्राप्त गर्न लाग्ने समय र खर्च कटौती गर्न सहजीकरण गर्ने ।<br>५. कृषि तथा पशुजन्य उत्पादनको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउन उपलब्धप्रविधि सरल र सुलभ रुपमा कृषक समक्ष पु-याउने ।<br>६. बढ्दो सूचना प्रविधिवाट कृषकहरुलाई लाभान्वित गराउदै कृषकहरु तथा उच्चस्तरकाप्राविधिज्ञहरुबीचको सम्पर्कलाई सिधा र प्रभावकारी तुल्याउने ।<br>७. कृषि तथा पशु अनुसन्धान र प्रसार सेवालाई कृषकको मागमुखी, समावेशी, जवाफदेही तथापरिणाममूखी तुल्याउने ।<br>८. कृषकको बजारीकरण क्षमता अभिवृद्धि गर्ने ।<br>९. विशेषताको आधारमा तुलनात्मक लाभ भएका कृषि तथा पशुजन्य उत्पादन र वस्तुहरुकोविशिष्टतावाट लाभ लिन प्रतिस्पर्धी कृषि मूल्य अभिवृद्धि श्रृखलाको स्थापना तथा सुदृढीकरणगर्ने ।<br>१०. भौगोलिक, प्राविधिक र आर्थिक सम्भावनाका आधारमा वृहत उत्पादन क्षेत्रहरुको स्थापना,विकास तथा सुदृढीकरण गर्दै व्यवसायिक कृषि विकासका लागि सरकारी, सहकारी तथा निजीक्षेत्रबीचको साझेदारी | **नीति**<br>(१) कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि<br>(२) व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास<br>(३) प्राकृतिक स्रोत तथा वातावरणको<br>संरक्षण, सम्वर्द्धन एवं सदुपयोग<br><br>** कार्यान्वयन तथा अनुगमन व्यवस्थाः |


| | | |
|---|---|---|
| | र सहकार्यलाई दिगो तुल्याउने ।<br>११. नेपालमा उत्पादित बस्तुहरुको गुणस्तर नेपाली पहिचान सहित राष्ट्रिय, क्षेत्रीय तथा विश्वबजारमा निर्यात सम्वर्द्धन गर्ने ।<br>१२. विश्व व्यापार सङ्गठन तथा दक्षिण एशिया खुल्ला व्यापार सम्झौताजस्ता व्यापार व्यवस्थावाटअधिकतम लाभ प्राप्त गर्ने ।<br>१३. गाउँमैस्वरोजगारकाअवसरहरुसिर्जनागर्नग्रामीणकृषिरोजगार कार्यक्रमलाईप्राथमिकताका साथ सञ्चालन गरी ग्रामीण क्षेत्रका मधेसी, आदिवासी, जनजाति, अपांग तथामुश्लिम लगायतका युवा युवतीहरुलाई स्वरोजगारतर्फ उन्मुख गराउने ।<br>१४. कृषिको व्यवसायीकरण, विविधीकरण गरी रोजगारका अवसर बढाउन सरकारी, गैर सरकारीएवं निजी क्षेत्रमा दक्ष जनशक्ति विकास गरी लक्षित क्षेत्र एवं बर्गको आर्थिक उत्थान गर्ने ।<br>१५. कृषि जैविक विविधताको अभिलेख तयार गरी संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोगमा सहयोगगर्ने ।<br>१६. कृषकको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि उपयोग र अभ्यासहरुको हकहितको संरक्षणतथा सम्वर्द्धन गर्ने ।<br>१७. कृषि आनुवंशिक स्रोत तथा पदार्थको पहुच र उपयोगबाट श्रृजित अवसर र लाभहरुकोसमन्यायिक एवं न्यायिक वितरण प्रणालीको व्यवस्था मिलाउने ।<br>१८. दीर्घकालीन रुपमा कृषि जैविक विविधताको संरक्षण एवं सम्वर्द्धन गरी पर्यावरणीय सन्तुलनअभिबृद्धि गर्ने | |
| प्रमुख कार्यक्रमहरू | १ कृषि तथा पशु उत्पादन एवं उत्पादकत्व वृद्धि<br>२ कृषि व्यवसायीकरण<br>३ ग्रामीण युवा स्वरोजगार प्रवद्र्धन<br>४.कृषि जैविक विविधता संरक्षण | |
| लगानी-बजेट | ७१६६.९ करोड (१२.२० %) | |

एघारौं देखि चौधौं आवधिक योजनामा कृषि विकासका लागि राखिएका सोंच, लक्ष्य, उद्देश्य तथा प्रमुख कार्यक्रमहरुबीच केही भाषगत भिन्नताबाहेक धैरै अन्तर पाइदैन । आवधिक योजनाको कुल लगानीको कृषिलाई छुट्याइएको प्रतिशतमाधैरै उतार चढाव भएको छैन । एघारौ योजनामा १२.२,बाह्रौंमा १३.४,तेह्रौंमा १५.५ प्रतिशत रहेकोमा चौंधौं योजनामा आइपुग्दा ११.७प्रतिशतमा झरेको पाइन्छ । चौधौं आवधिक योजना निर्माणकाबखत कृषिलाई बजेट निर्धारण गर्दा कृषि नीति, २०६१ लाई तठस्थ राखिएको छ ।

२.८आवधिक योजनाहरुले कृषि क्षेत्रलाई उचित महत्व दिएको मान्दा पनि कृषि क्षेत्रमा भएको यथार्थ विनियोजित बजेटले सो तथ्य पुष्टि गर्दैन । तल दिइएको कृषि विकास मन्त्रालयको आ.व.२०६५/६६ देखि आ.व.२०७२/७३ को राष्ट्रिय बजेटमा कृषिको हिस्साको प्रतिशतले यही तथ्यलाई उजागर गर्दछः

राष्ट्रिय बजेटमा कृषिबजेटको हिस्सा

| आ.व. | ०६५/६६ | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ | ०७२/७३ |
|---|---|---|---|---|---|---|---|---|
| प्रतिशत | २.४४ | २.७५ | ३.११ | ३.२३ | ३.०४ | ४.१४ | ३.७७ | ४.११ |





श्रोतः आर्थिक सर्वेक्षण तथा बजेट बक्तब्य, अर्थ मन्त्रालय

यसरी झण्डै एक दशकसम्म कृषि विकास मन्त्रालयको बजेट राष्ट्रिय कृषि बजेटको जम्मा तीन प्रतिशतको हाराहारीमा रहेको स्थितिले राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्य प्राप्त गर्न निकै कठीन र लामो समय लाग्ने निश्चित छ ।

२.९प्रचुर अवसर रहे पनि कृषिमा सरकारी तथा निजी लगानी अप्रयाप्त रहेका कारण कृषि क्षेत्रको उत्पादन रउत्पादकत्वकासाथै प्रतिस्पधात्मक क्षमताको न्यूनतालेसमयमै राष्ट्रिय कृषि नीतिको उद्देश्य प्राप्तीमा असहजता रहेको जनाउंछ । कृषि नीति लागू भएपश्चात कृषि क्षेत्रको वार्षिक बृद्धि दर देहायबमोजिम रहेको देखिन्छः

कृषि क्षेत्रको वार्षिक बृद्धि

| आ.व. | ०६२/६३ | ०६३/६४ | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १.८ | १ | ५.८ | ३ | २ | ४.५ | ४.६ | १.१ | २.९ | १.९ |




श्रोतः आर्थिक सर्वेक्षण तथा बजेट बक्तब्य, अर्थ मन्त्रालय

उक्त तथ्याङ्कले कृषि क्षेत्रको वार्षिक बृद्धि दरमा संगति (Consistency) रहेको देखिदैन । आ.व. २०६३/६४ मा बृद्धि दर १ (एक) प्रतिशत रहेकामा २०६४/६५ मा ५.८ प्रतिशत पुगेको देखिन्छ । एकै वर्षमा देखिएको ठूलो फड्को पछाडि मौसम अर्थात मनसुनको वर्षावाहेक अन्य कारण अनुमान गर्न सकिदैन । आ.व. २०६४/६५, २०६७/६८ र २०६८/६९ का तीन वर्षहरुमा बाहेक अन्य सात वर्षको बृद्धि दरले राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्य प्राप्त हुन सक्ने देखिदैन ।

२.१० राष्ट्रिय कृषि नीति, २०६१ लागू भएपछि देखिएका केही परिवर्तन

| बाली | उत्पादकत्व | आा.व.२००४/५ | आा.व.२०११/१२ |
|---|---|---|---|
| धान | उत्पादकत्व (मे.ट./हेक्टर) | २.७८ | ३.३१ |
| मकै | ,, | २.०१ | २.५० |
| गहूं | ,, | २.१३ | २.४१ |
| नगदे बाली | ,, | ०.७६ | ०.८३ |
| फलफुल | ,, | ९.९९ | १०.१७ |
| गाई | संख्या | ७९,९४,४६३ | ७२,४४,९४४ |
| भैंसी | ,, | ७१,५३,५२७ | ९५,१२,९५८ |
| दुध | उत्पादन (मे.ट.) | १२,७४,२२८ | १६,२२,७५१ |
| मासु | ,, | २,१४,८१७ | २,८७,९३० |
| माछा | उत्पादन (हजार मे.ट.) | २,९६४ | ३,७७९ |
| धान | उन्नत बीउ वितरण – मे.ट. | ५४६ | १,२०० |
| गहूं | उन्नत बीउ वितरण – मे.ट. | १,२०५ | २,१८२ |

श्रोत; MOAD,2013 Statistical Information on Nepalese Agriculture: time Series Information

कृषि विकास मन्त्रालयले प्रकाशन गरेको उक्त आंकडाले राष्ट्रिय कृषि नीति, २०६१ लागू भएपछि खाद्यान्न तथा नगदे बाली, दुध उत्पादन, माछामासु तथा पशुपालनमा केही सकारात्मक परिवर्तन देखाए पनि नीतिले राखेको उद्देश्यमुताविक आशातित रुपमा प्राप्त भएको छैन । सन्१९८० को दशकमा निर्यात गरिने धान, चामल अहिले पूर्ण रुपमा आयात गर्नुपर्ने स्थितिमा सुधारको संकेतदेखिएको छैन ।

## ३. कार्यान्वयन तथा अनुगमन व्यवस्थाः

यस राष्ट्रिय नीतिअन्तर्गत स्थानीय तहदेखि केन्द्रीय तहसम्मका कृषि सम्बद्ध निकायहरूबीच सहभागितात्मक एवं समन्वयात्मक रुपमा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा अनुगमन गर्नका लागि देहायबमोजिमको संरचनाको व्यवस्था रहेको छ :

| क्र.सं | स्तर | संरचना | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| 1 | राष्ट्रिय | राष्ट्रिय कृषि विकास समिति | राष्ट्रिय कृषि नीतिको कार्यान्वयन गराउने र अनुगमन गर्ने | |
| 2 | केन्द्र | केन्द्रीय कृषि विकास कार्यान्वयन समिति | राष्ट्रिय कृषि विकास समितिलाई सघाउने | |
| 3 | क्षेत्रीय | क्षेत्रीय कृषि विकास समिति | राष्ट्रिय कृषि विकास समितिलाई सघाउने | |
| 4 | जिल्ला | जिल्ला कृषि विकास समिति | नीतिको कार्यान्वयन र अनुगमनमा सघाउने | |
| 5 | गाँउ | कृषि समिति | नीतिको कार्यान्वयन र अनुगमनमा सघाउने | |
| 6 | | गाउँ विकास समिति | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन | |
| 7 | | राष्ट्रिय कृषि स्रोत केन्द्रहरू | प्राविधिक पृष्ठपोषणको सुनिश्चितता | |

केन्द्रदेखि स्थानीय तहसम्मका कृषि, अर्थ, आपूर्ति, वन, जलश्रोत, उद्योगर सहकारी,वाणिज्य, सिंचाइ, सा.प्र, योजना आयोग, ने.रा.बैंक, कृषि वि.बैंक, पशुसेवा, कृषि सामग्री संस्थान, समाजकल्याणसम्मका निकायहरुको प्रतिनिधित्व रहने यी संरचनाहरु खास गरी स्थानीय निकायहरुमा निर्वाचित प्रतिनिधिहरुको अभावमा अपेक्षित रुपमा प्रभावकारी रहेको कसैले अनुभव गरेको पाइएन ।

नेपाल सरकारको मिति २०७२/४/१० को निर्णयबाट स्वीकृत भइ कार्यान्वयनमा रहेको २० वर्षसम्म नेपालको समग्र कृषि क्षेत्रलाई दिशा निर्देश गर्ने दीर्घकालीन सोंचसहितको "कृषिविकासरणनीति (सन२०१५–३५"लेगरेकोव्यवस्थावमोजिमगठनभएकाविभिन्नकाम, कर्तव्य र अधिकारसहितका विभिन्न समिति तथा उपसमितिहरु र मुलुकमा भर्खरै लागू भएको संघीय संरचनाका सन्दर्भमा कृषि नीतिको यस कार्यान्वयन तथा अनुगमन व्यवस्थामा परिमार्जन आवश्यक देखिन्छ ।

## ४. परीक्षण परिणाम:

### ४.१ छनौट (नमूना) परीक्षणः

राष्ट्रिय कृषि नीति, २०६१को Randomlyछानिएका केही नीतिहरुप्रत्यक्ष परीक्षण गर्दाप्राप्त भएका नतिजाहरु यस प्रकाररहेका छन्,

**(क) कृषि उत्पादन एबं उत्पादकत्व अभिबृद्धिः**

४.१.१नीति ८ अनुरुपस्थानीय वीउ, वेर्ना, नश्ल आदिउत्पादन र कृषि उत्पादन संकलन, प्रशोधन,संचय आदिको लागि विशेष प्रविधि सेवा प्रदान गर्नराष्ट्रिय कृषि श्रोत केन्द्रहरु विकास गर्नेक्रममा देशभर फलफुलसंबन्धी १२, माछाको १०, तरकारीको लागि १०, रेशमका लागि १० श्रोत केन्द्रहरु संचालनमा रहेको ।

४.१.२ नीति १३ मा उललेख भएका अनाबृष्टि, अतिबृष्टि, रोग, किरा तथा प्राकृतिक प्रकोपको आँकलन र कृषि राहतका लागि सर्भे/सर्भिलेन्स प्रणाली स्थापना गर्ने नीति कार्यान्वयनार्थ कृषि मन्त्रालयमा राहत व्यवस्थापन शाखास्थापना भई जिल्लास्थित कृषि कार्यालयमार्फत जिल्ला प्राकृतिक प्रकोप व्यवस्थापन समितिसंगको समन्वयमा कार्य भइरहेको ।

४.१.३ कृषिका कार्यक्रमहरुको संचालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता तथा सहभागितालाई पचास प्रतिशत पुर्याउने नीति १७ अनुरुप कृषिमा महिलाहरुको सहभागिता कुनैकुनै कार्यक्रममा ५० प्रतिशत भन्दा माथिरहेको विभिन्न प्रतिबेदनमा उल्लेख भएको ।

४.१.४ नीति १८ अनुसार चार हेक्टरभन्दा कम जमिन हुने कम श्रोत साधन भएका कृषकहरुलाई तोकिएको सुविधा उपलब्ध गराउन उनीहरुको पहिचान गर्ने कार्य भइसकेको छैन ।

कृषकलाई पेन्सन उपलक्ध गराउने सोंच राखी यसबारे अध्यन गर्ने कार्यक्रम यस आ.व. २०७४/७५ को नीति तथा बजेट बक्तव्यमा राखिएको ।

४.१.५ नीति २० मा उल्लेख भएबमोजिमको भूमि बैंकको स्थापना भएको पाइएन ।

**(ख) व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास :**

४.१.६नीति २७ को आधारमा उपयुक्त परिमाण र गुणस्तरमा कृषि उत्पादन गर्ने बृहद् उत्पादन क्षेत्र विकासका लागि भर्खर सुपरजोन, जोन, ब्लक र पकेटको अवधारणा शुरु भएको ।

४.१.७पशु तथा कृषि वस्तुहरुको बीमा गर्ने संबन्धी नीतिनं. ३० कार्यान्वयनको क्रममा गाई, भैंसी, बाख्रा, कुखुरा, माछा, तरकारी तथा मुख्य वालीहरुको बीमागर्ने कार्य क्रमस भइरहेको ।

४.१.८परम्परागत स्थानीय मौलिक कृषि बस्तु एबं सम्बद्ध प्रविधिहरुको पञ्जीकरण तथा प्रबद्र्धनसंबन्धी नीति नं. ३३ को मर्मअनुरुप एकातर्फ Seed Quality Control Center स्थापना भएका छन भने NARC ले Gene Bank संचालन गरेको ।

४.१.९नीति नं. ३६ मा भएको व्यवस्थाबमोजिम कृषिसंग संबन्धित निजी क्षेत्रका प्रयोगशालालाई नियमन गरी प्रमाणीकरण/मान्यता प्रदान दिने कार्य संबन्धित निर्देशनालयबाट हुदै आएको ।

४.१.१० राष्ट्रिय कृषि नीति, २०६१ को ४३ सौं नीतिमा उल्लेख भएबमोजिमको छुट्टै  कृषि उद्योग विकास नीति जारी भएको पाइएन ।

## ४.२सारांश परीक्षण:

| नीतिका शीर्षकहरु | नीतिका बुंदा संख्या | उद्देश्य प्प्तिका लागि कार्यान्वयन गरिएका केही कार्यक्रमहरु | कैफियत/सुझाव |
|---|---|---|---|
| कृषि | १८ | ∆कृषिसडक | ∆करीबसबैजसोनीतिहरुकार्यान्वयनमाल्याइएपनिकार्यान्वयनपक्षकमजोररहे |

| | | | |
|---|---|---|---|
| उत्पादन एवं उत्पादकत्व अभिवृद्धि<br><br>लक्षित वर्गहरू का लागि विशेष सुविधा | ८ | ∆ग्रामीणविद्युतीकरण<br>∆पकेटक्षेत्रकार्यक्रम<br>∆कृषकसमूहमार्फतसेवा<br>∆अनुदानकार्यक्रम<br>∆आ.व.२०७१/७२ मा ६६ प्रतिशत कृषि बजेट लैंगिक उत्तरदायी रहेको<br>∆आ.व.२०७१/७२ मा महिला कृषक सहभागिता ४८.४ प्रतिशत | कोलेपर्याप्तसाधनश्रोतसमेतकार्यान्वियनपक्षबलियोबनाउनपर्ने।<br>∆शीर्षकगतनीतिहरुलाईस्पष्टढंगलेपरिमार्जनगर्नुपर्ने |
| व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणाली को विकास | २३ | ∆नेपालसरकाररवैदेशिकसहायताका व्यावसायिककृषितथाब्यापारआयोजना<br>∆PACTआयोजना<br>∆ High value Ag. Program | ,, |
| प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग | ७ | ∆माटोपरीक्षणसेवा<br>∆प्राङ्गारिकमलउत्पादन<br>∆आई.पी.एमसेवा<br>∆भूसंरक्षणसेवा | प्रमाणीकरणगर्नेनिकायतथादक्षजनशक्तिकोकमीरकार्यक्षेत्रमारहेकोद्विविधाहटाउनपर्ने |
| कार्यान्वयन तथा अनुगमन व्यवस्था | क,ख र ग | अनुगमन कमजोर | स्थानीय निकायको अभाव |
| राष्ट्रिय कृषि नीति, २०६१ | ५६ | नीति उपयुक्त | परिमार्जन आवश्यक |

# ५. परीक्षण परिणामर सुझाव

राष्ट्रिय कृषि नीति, २०६१ को निरन्तरता, सान्दर्भिकता र परिमार्जनको आवश्यकतासमेतको आधारमा संक्षिप्त सारांसकोरुपमा नीति परीक्षणको परिणम र सुझाव देहायबमोँजिम प्रस्तुत गरिएको छ :

- राष्ट्रिय कृषि नीति, २०६१ कृषि बिकासका लागि देशको मूल छाता नीतिकोरुपमा रहेको छ ।संघीयता प्रणाली अन्तर्गत राष्ट्रिय तहमै समायोजनकासाथ यसले निरन्तरता पाउनु पर्दछ ।
- मन्त्रालयहरुको समायोजनका (विभाजन र एकीकरण) बखत राष्ट्रको मूल कृषि नीति र कृषि मन्त्रालयको कार्यजिम्मेवारीबीच पूर्ण सामन्जस्यता कायम राख्न जरुरी छ ।

- राष्ट्रिय कृषि नीति, २०६१ अन्तर्गत बनेका विविध विषयगत क्षेत्रका नीति, ऐन तथा नियमावलीहरु तथा अन्य निर्देशिका, कार्यविधि तथा मार्गदर्शनहरुको वास्तविक कार्यान्वयन स्थिति एकीनका लागि समयमयमा छुट्टा छुट्टै अध्ययन गर्ने प्रणलीको व्यवस्था मिलाउनु गर्दछ ।
- नेपालका पछिल्ला एघारौं देखि चौधौं आवधिक योजनाहरुले राखेको सोंच, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरुको मूल धार सारभूत रुपमा एउटै दिशातर्फ उन्मूख रहेको पाइन्छ । यसलाई कायम राखिनु पर्दछ।
- आवधिक योजनाको कुल लगानीको कृषिलाई छुट्याइएको प्रतिशतमा धेरै उतार चढाव भएको छैन। आवधिक योजना निर्माणकाबखत कृषि क्षेत्रलाई बजेट निर्धारण गर्दा कृषि नीति, २०६१ को उद्धेश्यलाई ध्यानमा राखी उल्लेखनीय ढंगले सार्थकरुपमै बृद्धि गर्दै लगिनु पर्दछ ।
- आवधिक योजनाहरुले कृषि क्षेत्रलाई तोकेको लगानी मात्रालाई यथार्थ विनियोजित वार्षिक बजेटले अनुशरण गरिनु पर्दछ ।
- कृषि क्षेत्रको विगत १० वर्षको वार्षिक बृद्धि दरमा त्यति संगति (Consistency) रहेको देखिदैन । यस अवधिको कृषि क्षेत्रमा रहेको लगानी र वार्षिक बृद्धिआधारमा मात्र राष्ट्रिय कृषि नीति, २०६१को उद्धेश्य पूरा गर्न कठीन हुनेदेखिएकोले लगानी बढाई कृषिको बृद्धि दर उच्च गर्नु पर्दछ ।
- राष्ट्रिय कृषि नीति, २०६१ लागू भएपछि खाद्यान्न तथा नगदे बाली, दुध उत्पादन, माछामासु तथा पशुपालनमा केही सकारात्मक परिवर्तन देखिएका छन । समग्ररुपमा प्रतिस्पर्धात्मक र व्यवसायिक ढंगको कृषि विकासका लागि यसलाई निरन्तरता दिईनु पर्दछ ।
- हाल देशमा बृद्धि भैरहेको श्रम शक्ति, प्रत्यक्ष परोक्ष रुपमाकृषि पेशामा आधारित जनसंख्या र बेरोजगारको स्थितिलाई तत्काल निकट भविष्यमैपूर्ण रुपमा सम्बोधनगर्न सक्ने उपाय देखिएको छैन । यसै गरी देशको कूल ग्राह्यस्थ उत्पादन (जीडीपी) मा उल्लेखनीय ढंगले योगदान गर्न सक्ने क्षेत्र पनि विकास भैसकेको छैन । यस स्थितिमा राष्ट्रिय कृषि नीति, २०६१ लाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु उपयुक्त र दीर्घकालीन उपाय सावित हुन सक्दछ ।
- देशमा संघीय प्रणाली लागू भैसकेको अवस्थामा नेपालको संविधानको अनुसूची ९ मा कृषिलाई संघ, प्रदेश तथा स्थानीय तहको अधिकारकोसाझा सूचीमा राखिएको छ । शासन प्रणालीको तहबमोजिम अधिकारको स्पष्ट रेखा कोर्नका लागि पनि हालको राष्ट्रिय कृषि नीति, २०६१ ले स्वतः परिमार्जनको माग राख्दछ ।
- नेपाल सरकारले गरेको निर्णयमुताविक नेपाललाई सन २०२२ सम्ममा बिकासशील राष्ट्रको सूचीमा पुर्‍याई सन २०३० मा मध्यम आय भएको देशमा स्तरोन्नति गर्ने योजनालाई यथार्थमा परिणत गर्नका लागि लक्ष्यसमेतको परिमार्जित राष्ट्रिय कृषि नीतिआवश्यक देखिन्छ ।
- वर्तमान राष्ट्रिय कृषि नीति, २०६१मा नरहेको तर २०७२ मा नेपाल सरकारले स्वीकृत गरी कार्यान्वयनमा रहेको कृषि विकास रणनीति (ADS) मा रहेकोखाद्य तथा पोषण सुरक्षा, रोजगारी श्रृजना, कृषि बस्तु निर्यातलगायतका स्तम्भगत विषयहरु समेटी परिमार्जन गर्नुपर्ने ।
- सदस्य राष्ट्र भएकोले संयुक्त राष्ट्र संघको साधारण सभाले २५ सेप्टेम्बर २०१५ मा अपनाएको रिजुलुशन Transforming our world: the 2030 Agenda for Sustainable Development ले राखेको उद्धेश्य अनुकुलनका सन्दर्भमासमेत नेपालको कृषि नीतिमा परिमार्जन आवश्यक छ ।

# अनुसूची

## (क) राष्ट्रिय कृषि नीति २०६१

पृष्ठभूमि

देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवं विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रुपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकासको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिंचाई, सडक, बिजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषि क्षेत्रको विकासको मूल समस्याका रुपमा रहेका छन् ।

कृषि क्षेत्रको समग्र विकासका लागि ल्याइएका कृषि विकासको नीतिगत रुपरेखा २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको छ । तथापि आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दिगो विकासको एजेण्डा एवं सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी नयां राष्ट्रिय कृषि नीति तर्जुमा गरी लागु गर्न आवश्यक देखिएकोले नेपाल सरकारले यो राष्ट्रिय कृषि नीति, २०६१ जारी गरेको छ । यस क्षेत्रमा तर्जुमा भएका र नयाँ तर्जुमा हुने वस्तुगत तथा विषयगत नीतिहरू यसै नीतिबाट निर्देशित हुने छन् ।

## दृष्टिकोण

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहने छ ।।

## उद्देश्यहरू

व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरीबी निवारणमा योगदान गर्नः

१. कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।

२. व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व

बजारसँग प्रतिस्पर्धात्मक बनाउने ।

३. प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वद्र्धन एवं सदुपयोग गर्ने ।

*द्रष्टब्यः कृषि शब्दले बाली, वागवानी, पशु पन्छी, माछा आदि कृषिका सबै उप–क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायहरु समेत जनाउँछ ।*

## नीतिहरू

प्रस्तुत उद्देश्य प्राप्तिका लागि श्रोत साधनमा पहँुच भएका र साधन र अवसरमा तुलनात्मक रुपमा न्यून पहुच भएका दुवै समूहका कृषकहरूको आवश्यकतालाई समेटने गरी निम्न नीतिहरू अवलम्बन गरिने छन् ।

**क) कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि ।**

१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण तथा विविधीकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिनेछन् ।

२. वैज्ञानिक भू–उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ । पहाडमा भिरालो जमीन व्यवस्थापनको उपयुक्त प्रविधि र तराई तथा समथर उपत्यकामा कृषि भूमि विकासको उपयुक्त प्रविधि प्रयोग गरी जमीनको वैज्ञानिक प्रयोगलाई बढावा दिइनेछ ।

३. सिंचाई सुविधा, कृषि सडक, ग्रामीण विद्‌युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिने छ । सिंचाई, सडक तथा विद्‌युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गराइने छ ।

४. उत्तर–दक्षिण राजमार्ग तथा सहायक मार्गहरुको आसपासका संभाव्य क्षेत्रहरूमा बढी मोल जाने कृषिवस्तुको पकेट विकासमा विशेष प्राथमिकता दिइनेछ । विशेष गरी दुर्गम क्षेत्रहरूमा कम तौल तथा बढी मूल्य जाने कृषि वस्तुहरूको उत्पादनमा प्राथमिकता दिइने छ ।

५. स्थानीय आवश्यकता र प्राथमिकता अनुरुपको कृषिका योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको कार्य स्थानीय निकायहरूमा निक्षेपण गरी स्थानीय निकायहरूलाई जिम्मेवार र सक्षम बनाइनेछ । यसका लागि सशर्त अनुदान उपलब्ध गराउने व्यवस्थाबाट टेवा पु-याइने छ ।

६. एकभन्दा बढी जिल्ला समेटेर सम्भाव्य कृषि उत्पादन एवं कृषि व्यावसाय प्रवद्र्धन गरी व्यावसायीकरणका आधार खडा गर्ने तुलनात्मक रुपमा ठूला आयोजनाहरू स्थानीय निकायको सहभागितामा केन्द्रीय आयोजनाका रुपमा संचालन गरी टेवा पु-याइने छ । यसको कार्यान्वयनका लागि केन्द्रमा रहेका विभाग एवं निर्देशनालयहरूलाई जिम्मेवार र सक्षम बनाइने छ ।

७. खाद्य पोषण लगायतका कृषि प्रविधिको स्थलगत प्रसार सेवामा कृषक समूहको माध्यम अपनाइनेछ । कृषि/वन कलेजहरूबाट पनि आफ्नो प्रभाव क्षेत्रमा समन्वयात्मकरुपमा कृषि प्रविधि प्रसार प्याकेजहरू संचालन गरिनेछ । साथै कृषि प्रसारमा सूचना प्रविधि तथा आम संचार माध्यमको पनि उपयोग गरिनेछ ।

८. विकास क्षेत्र र भौगोलिक उपक्षेत्रहरूको आधारमा स्थानीय बीउ, बेर्ना, बिरुवा, नश्लहरूको उत्पादन गर्नेहरूको लागि गुणस्तरीय स्रोत सामाग्रीहरूको केन्द्र र कृषिवस्तु संकलन, प्रशोधन, संचय र ढुवानी आदि कार्य गर्ने उद्यमी तथा व्यवसायीहरूको लागि विशेष प्रविधि सेवाको स्रोत केन्द्रका रुपमा राष्ट्रिय कृषि स्रोत केन्द्रहरूको विकास गरी सुदृढ गरिनेछन् । यस्ता स्रोत केन्द्रहरूलाई माटो विश्लेषण, बीउ प्रमाणीकरण, बाली संरक्षण तथा पशुरोग निदान लगायतका क्षेत्रमा सर्भे सर्भिलेन्स सेवा संचालन, प्रयोगशाला सेवा संचालन एवं उद्यमी, व्यवसायी, सहकारीकर्मी एवं कृषि कार्यकर्ताहरूको क्षमताविकास तालीम समेत दिन सक्ने एकीकृत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

९. भौगोलिक सम्भाव्यता र तुलनात्मक तथा स्थान विशेषको विशिष्ट लाभ समेतका दृष्टिबाट आवश्यक पर्ने कृषि अनुसन्धान कार्यहरू (खाद्य तथा पोषण प्रविधि लगायतका कृषि उत्पादन, संकलन, ग्रेडिङ, भण्डारण, प्रशोधन, प्याकिङ् आदि) का लागि निजी क्षेत्र र गैर सरकारी क्षेत्र समेतको सहभागितात्मक तथा प्रतिस्पर्धात्मक कृषि अनुसन्धान तथा विकास प्रणालीको प्रवद्र्धन गरिनेछ । यस्तो प्रणाली सुहाउँदो लगानी व्यवस्था गर्न कृषि अनुसन्धान तथा विकास कोषको अवधारणा अनुरुप अनुसन्धानको संस्थागत उच्च निकायको संरचनालाई सुधार गरी व्यवस्थित गरिनेछ । कृषि

अनुसन्धान तथा विकास सम्बद्ध अन्तर्राष्ट्रिय संगठनहरूसँगको सहकार्य र प्रविधि तथा विशेषज्ञ आदान–प्रदानलाई प्रोत्साहित गरिनेछ ।

१०. निजी तथा गैरसरकारी क्षेत्रबाट कृषि अनुसन्धान तथा विकासमा गरिने खर्चमा कर प्रयोजनका लागि खर्च लेख्न पाउने सुविधाका साथै अन्य उपयुक्त प्रोत्साहन सम्बन्धी व्यवस्थाहरू गरी निजी तथा वैदेशिक क्षेत्रको लगानी आकृष्ट गरिने छ ।

११. प्रमुख उत्पादन सामग्रीहरु (उन्नत पशु, पन्छी, माछा भूरा, रासायनिक मल एवं बीउ बिजन आदि) को आयात, उत्पादन तथा मौज्दात स्थितिको नियमित अनुगमन गरी आपूर्ति सुनिश्चित गरिनेछ ।

१२. कृषि उत्पादन तथा व्यवसाय प्रवद्र्धनमा आवश्यक कृषि ऋण प्रवाहलाई उत्पादन तथा व्यवसायको प्रतिफलसँग आबद्ध गरी सुनिश्चित गरिनेछ ।

१३. अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य दैवी प्रकोपहरूको आँकलन र कृषि राहत परिचालनका लागि सर्भे सर्भिलेन्स प्रणाली स्थापित गरी क्रियाशील राखिनेछ ।

१४. स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

१५. कृषि जनशक्तिउत्पादनका लागि कृषि तथा वन विश्वविद्यालय स्थापना र कृषि वन कलेजहरूको प्रर्वध्दन गरिनेछ । विश्वविद्यालय/कलेजहरू र कृषि अनुसन्धान केन्द्र तथा राष्ट्रिय कृषि श्रोत केन्द्रहरूसँग प्राविधिक र विशेषज्ञ आदान प्रदान गरी सहकार्य गराउने व्यवस्थाबाट कृषि जनशक्तिको गुणस्तर विकास गरिनेछ । कृषि व्यवसायीकरणका लागि कृषि बजार तथा व्यवसाय प्रवर्ध्दन सम्बद्ध जनशक्ति उत्पादनमा पनि जोड दिइने छ ।

१६. कृषि क्षेत्रको योजना तर्जुमा, नीति निर्धारण तथा अनुगमन मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण र प्रक्षेपण कार्यलाई सुदृढ गरिने छ । साथै कृषि क्षेत्रको लागि अनुकूल मूल्य तथा व्यापार पद्धति (Terms of trade) स्थापित गराउन नियमित अनुगमन गरिने छ ।

१७. कृषिका कार्यक्रमहरूको संचालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता एवं सहभागितालाई ५० प्रतिशत पु-याइनेछ । महिला कृषक तालीममा सकभर घुम्ती तालीमको प्रबन्ध मिलाई घर गाउँ नगिच पु-याउने प्रबन्ध मिलाइने छ । कार्यक्रममा महिला संलग्नता सम्बद्ध सूचना तथा तथ्यांकहरूको प्रवाहलाई सुनिश्चित गरिनेछ ।

१८. चार हेक्टर भन्दा कम जमीन हुने कम स्रोत साधन भएका (Resource Poor) कृषकहरुको पहिचान र वर्गीकरण गरी तोकिएका सुविधाहरू उपलब्ध गराइने छ । लक्षित वर्गहरूका लागि विशेष सुविधा

आधा हेकटरभन्दा कम जमीन भई सिञ्चाई सुविधा न्यून रहेका, दलित, उत्पीडित तथा अन्य सीमान्त कृषक एवं कृषि श्रमिकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी विशेष सुविधा दिने दृष्टिकोणबाट निम्न नीतिहरू अवलम्बन गरिनेछन् ।

१९. सीप भएका भूमिहीन, सीमान्त एवं साना कृषकहरूलाई भूमिमा पहुँच पु-याउन कायम रहेको कानूनी हदबन्दीको प्रभावकारी कार्यान्वयन, हदबन्दी छुटको प्रभावकारी अनुगमन, प्रगतिशील कर व्यवस्था, खेती भूमिको लागि करार सम्बन्धी कानूनी व्यवस्था जस्ता विभिन्न विकल्पहरूको पहिचान गरी भूमिमा पहुँचका अवसरहरूको सृजना गरिनेछ ।

२०. भूमि बैंकको स्थापना गरी स्थानीय निकायको सहभागितामा कृषि कार्यका लागि जग्गा किन्ने÷बेच्नेहरूलाई खेतीयोग्य जग्गाको उपलब्धता बारे सूचना सेवा र आवश्यक पर्नेलाई ऋण सुविधा उपलब्ध गराइनेछ । यस बैंकबाट लक्षितवर्गहरूलाई कृषि उत्पादनका लागि सहुलियत दरमा भूमि खरिद गर्न विशेष ऋण सुविधा उपलबध गराइने छ ।

२१. करार वा कबुलियत व्यवस्थाबाट कृषि जग्गा वा पोखरी वा घोल वा जलाशय वा नदी नालाका क्षेत्रहरू प्राप्त गरी कृषि उत्पादन गर्ने समूहमा आबद्ध भई आउने उत्पीडित, दलित तथा अन्य सीमान्त तथा भूमिहीन कृषि श्रमिकहरूको लागि बीउ बिजन प्राविधिक सेवा निःशुल्क उपलब्ध गराइनेछ । साथै कृषि विकास बैंक लगायत अन्य वित्तीय संस्थाहरु परिचालन गरी सहुलियत दरमा समूहमा कृषिऋण उपलब्ध गराइने छ ।

२२. सीमान्त जमीन, चरन÷खर्क, हैसियत बिग्रिएका वन तथा प्रयोगमा नआएका सार्वजनिक जमीनलाई लक्षित समुदायमा कबुलियतमा हस्तान्तरण गरी सम्भाव्यता अनुसार घाँस, डालेघाँस, कृषि वन, जडिबुटी तथा रेशम एवं अन्य स्थायी रुख बिरुवा हुने खालका नगदेबाली एवं फलपूmल बगैंचा विकासमा उपयोग गराई वन तथा अन्य जमीनको हैसियत सुधारका साथै गरीबी निवारणमा टेवा पु¥याइनेछ ।

२३. साना सिंचाई पूर्वाधारहरू जस्तै ढीकी पम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रीप, पानी संकलन पोखरी (Water harvest) आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ ।

२४. खाद्यान्न न्यून भएका क्षेत्रहरूमा खाद्यान्न उपलब्धता वृद्धि गर्न उत्पादन तथा आय वृद्धिका सम्भाव्यताको उपयोग गराइने छ । साथै अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिश्चित गर्नुपर्ने अवस्थामा खाद्यवस्तु ढुवानी, सञ्चय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न सञ्चय एवं परिचालन सन्जालको विकास गरिनेछ ।

२५. नेपाल सरकारले उपलब्ध गराउने खाद्यवस्तु, ढुवानी, सामाग्रीको मूल्य, व्याज आदि सुविधाहरू खाद्य सुरक्षाका दृष्टिबाट जोखिम क्षेत्र र लक्षित समूह पहिचान गरी प्राथमिकता साथ उपलब्ध गराइने छ ।

२६. मौसम तथा अन्य प्रकोपको उतार चढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमीन भएका र वर्षभरि सिंचाई सुविधा नभएका कृषकहरूको लागि र भूमिहिन तथा अन्य वैकल्पिक आयश्रोत नभएका सीमान्त कृषकहरूको लागि खाद्य तथा पोषण सुरक्षा कवचको ९क्क्षाभतथ ल्भतक० विकास गर्दै लगिने छ ।

## ख. व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास

२७. बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरमा कृषि वस्तु उत्पादन गर्ने बृहत् उत्पादन क्षेत्र(Large production package) विकास गरिनेछ । यस्ता पकेट क्षेत्रमातुलनात्मक लाभ भएका कृषि वस्तुहरुको उत्पादनमा प्राथमिकता दिइनेछ । यस्ता क्षेत्रमाप्रविधि एवं प्राविधिक सेवा तथा कृषि सडक, ग्रामीण विद्युतीकरण, सिंचाई, कृषिऋण, बजार व्यवस्था जस्ता अन्य सुविधाहरू एकीकृत रुपमा परिचालन गरिनेछ ।

२८. खाद्यान्नको अभाव भएका क्षेत्रमा खाद्यान्न पु-याउन आपूर्ति कार्यक्रम सञ्चालन गरिने पहाडी क्षेत्र आसपासमा त्यस्तो आपूर्ति कार्यक्रम मार्फत बजार मूल्यमा खाद्यान्न खरिद गरी स्थानीय उत्पादन बढाउन प्रोत्साहन गरिने छ ।

२९. सरकारी फार्म/केन्द्रहरूमा उपलब्ध स्रोत साधनलाई निर्धारित उद्देश्यमा असर नपर्ने गरी अधिकतम उपयोग गर्न व्यवसायमूलक कार्यक्रम समेतको दोहोरो मार्ग (Double Track System) व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।

३०. पशुबीमाको विस्तार गरिनुका साथै पन्छी एवं छानिएका बालीको बीउ र बढी मोल जाने कृषिवस्तुहरूको क्रमिक रुपमा बीमा गरिनेछ ।

३१. प्राङ्गारिक खेती (Organic Farming) लाई प्रोत्साहन गरिने छ । प्राङ्गारिक खेती गरी कृषिवस्तु निकासी गर्ने उत्पादन क्षेत्रमा उत्पादित कृषिवस्तुहरूको गुणस्तर प्रमाणीकरणको लागि टेवा पुर्याइनेछ ।

३२. हाईब्रिड बीउ, उन्नत नश्लको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिने छ र परिवर्तित आनुवंशकीय जीवहरु (Genetically Modified Organism)को प्रयोगलाई नियमन गरिनेछ ।

३३. परम्परागत स्थानीय मौलिक कृषिवस्तु एवं सम्बद्ध प्रविधिहरूको पञ्जीकरण तथा प्रवद्र्धन गरिने छ । स्वदेशी मूलको विशिष्ट उत्पादन एवं उत्पादन प्रविधिहरूको पहिचान तथा अधिकार सुरक्षित गरिनेछ ।

३४. कृषि तालिमलाई क्षमता सुधार र व्यवसाय प्रवद्र्धनमुखी तालिममा वर्गीकरण गरिनेछ । क्षमता सुधार तालिमबाट कृषि कार्यकर्ताहरूको क्षमता सुधार तथा कृषकहरूको उत्पादन क्षमता अभिवृद्धि गरिने छ । व्यवसायमुखी तालिमलाई तालिमपछिको व्यवसाय प्याकेजमा आधारित गरी मागप्रधान गराइनेछ ।

३५. शिक्षित बेरोजगार युवाहरूलाई कृषि पेशामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापना तथा सञ्चालन तालिमको व्यवस्था गरिनेछ ।

३६. उन्नत कृषि श्रोत सामाग्रीहरूको (बीउ, बिरुवा, बेर्ना, नश्ल, भुरा आदि) स्थानीय उत्पादन तथा बिक्री वितरण र मलखाद एवं रोग तथा किटनाशक औषधीहरूको बिक्री वितरणलाई नियमन गरी आपूर्तिमा गुणस्तर कायम गराइनेछ । कृषिसँग सम्बन्धित निजी क्षेत्रका प्रयोगशाला सेवा तथा गुणस्तरीय उत्पादन प्रशोधन सेवालाई पनि नियमन गरी मान्यता (Accreditation) दिइनेछ ।

३७. गुणस्तरीय कृषि उत्पादन र स्थानीय तथा बाह्य बजारमा विश्वसनीयताको विकास गर्न कृषि र पशु क्वारेन्टाइन सेवालाई व्यवस्थित र सुद्दढ गरिनेछ ।

३८. खाद्यवस्तुको गुणस्तर निर्धारण, गुणनियन्त्रण, गुणस्तर प्रमाणीकरण र नियमन गर्ने कार्यमा स्थानीय निकाय समेतको सहभागिता परिचालन गरिनेछ ।

३९. अन्तर्राष्ट्रिय सन्धि, संझौता तथा राष्ट्रिय आवश्यकता अनुसार कृषिवस्तुको नियमन सेवालाई अद्यावधिक गर्दै लगिनेछ ।

४०. सहकारीमा आधारित कृषि उद्योग एवं व्यवसायको प्रवद्र्धनमा प्राथमिकता दिइने छ ।

४१. कृषि उद्यमी/व्यवसायी एवं प्रगतिशील कृषक तथा सम्बद्ध संघ संस्थाहरूको गुनासा एवं सुझावहरूको विश्लेषण गरी निकास दिन र विश्व व्यापार संगठन, क्षेत्रीय व्यापार संगठन जस्ता बाह्य निकासी बजार सम्बद्ध संगठनहरूसंगका प्रतिबद्धताहरू र आयात प्रतिस्थापन तथा निकासी प्रवद्र्धनमा क्रियाशील रहन कृषि उद्योग व्यवसाय प्रवद्र्धन समितिको प्रभावकारी परिचालन गरी कृषि व्यावसायीकरणलाई टेवा पु-याइनेछ ।

४२. कृषि वस्तुहरूको व्यावसायिक उत्पादन, प्रशोधन र बजार क्षेत्रमा सहकारी एवं निजी क्षेत्रको लगानी आकृष्ट गर्न प्रोत्साहनयुक्त वस्तुगत तथा विषयगत नीतिहरूको विकास गरिनेछ ।

४३. कृषि क्षेत्रमा दिइनुपर्ने प्राथमिकता अनुरुप कृषि अनुसन्धान, कृषि उत्पादन, कृषि प्रशोधन, उद्योगहरू र आन्तरिक तथा बाह्य निकासी बजारको अन्तर्सम्बन्ध स्थापित गर्न र बाह्य लगानी समेत आकृष्ट गर्नका लागि छुट्टै कृषि उद्योग विकास नीति ल्याई कार्यान्वयन गरिनेछ ।

४४. व्यावसायिक कृषि उत्पादनका सम्भाव्य क्षेत्रहरूमा कृषि प्रविधि प्रसार सेवा सशुल्क उपलब्ध गराई निजीक्षेत्र, सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गरिनेछ ।

४५. उपयुक्त फार्म केन्द्रहरूलाई करारमा/कबुलियतमा निजी क्षेत्रबाट सञ्चालन गराउन प्रोत्साहन गरिनेछ।

४६. बजार सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य निजी एवं सहकारी क्षेत्र तथा स्थानीय निकायहरूसँग साझेदारीमा समेत सञ्चालन गरिनेछ ।

४७. कृषिवस्तुहरूको व्यवसायिक उत्पादनलाई बजार अवसरको सुनिश्चितता दिन सम्भाव्य उत्पादन थलो नजिक संकलन केन्द्र र सम्भाव्य घना उपभोक्ता नजिक संगठित बजारको सुनिश्चितता दिनको लागि निजी तथा सहकारी क्षेत्रको लागत सहभागिता र व्यवस्थापनमा रहने गरी सुविधायुक्त कृषि थोकबजार तथा हाट बजारहरूको विकास तथा विस्तारमा टेवा पु-याइनेछ ।

४८. आन्तरिक कृषि उत्पादकहरूलाई समेटेर करार उत्पादन प्रणालीमा आबद्ध गरी बजार अवसर दिने र आयात प्रतिस्थापन गर्ने वा निकासी गर्ने उद्योग व्यवसायीहरूलाई पूँजीगत तथा अन्य प्रोत्साहन÷सुविधाहरू कृषि व्यवसाय प्रवद्र्धन समितिको सिफारिशमा उपलब्ध गराइनेछ ।

४९. स्थानीय स–सानो पूँजी र अन्य श्रोतको परिचालन तथा प्रवद्र्धन गरी सहकारीको संस्थागत विकास गर्न संभाव्य कृषक तथा उद्यमीहरूको समूहलाई सहकारीकरण गर्दै लगिनेछ । साथै गाउँ घरका यस्ता सहकारी संस्थाहरूलाई कृषक समूहको उत्पादन सामग्री तथा सेवाहरू उपलब्ध गराउने र उनीहरूका उत्पादनहरूको बजार प्रणालीमा पठाउने स्थानीय केन्द्र (Delivery point) को रुपमा विकास गरिनेछ ।

## ग. प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, सम्वद्र्धन एवं सदुपयोग ।

५०. कृषि रसायनहरूको प्रयोगबाट माटो तथा जलाशयको अवस्थामा पर्ने नकारात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यून गरिनेछ । साथै पशुपन्छीमा प्रयोग हुने औषधी तथा हर्मोनहरूको प्रयोगमा कमी ल्याइनेछ ।

५१. प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवद्र्धनलाई प्रोत्साहन गरिनेछ ।

५२. जैविक विविधता संरक्षणका लागि जीन बैङ्कको व्यवस्था र स्थानीय संरक्षण (In Situ Conservation)लाई प्रोत्साहित गरिनेछ । सम्भावित क्षेत्रमा सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र (Participatory Biodiversity Park) स्थापित गरिने छ ।

५३. हैसियत बिग्रेका वन तथा प्राकृतिक जलाशयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण, सम्वद्र्धन र सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ ।

५४. स्थानीय सहभागिताका आधारमा जलाधार व्यवस्थापन र नदी कटान नियन्त्रण गरी संरक्षणप्रधान कृषि प्रणाली विकास गर्दै लगिनेछ ।

५५. खेती योग्य जग्गाको खण्डीकरण नियन्त्रण र वैज्ञानिक भू–व्यवस्थापन (चक्लाबन्दी) लाई स्थानीय निकायको सहयोग समेतमा व्यवस्थित गरिनेछ ।

५६. आवश्यक कानूनी व्यवस्था समेत गरी भूमिको सहकारी÷साझेदारी÷समूह व्यवस्थापन प्रणालीको विकास गर्न प्रोत्साहित गरिनेछ । यस्तो भूमि व्यवस्थापनमा तत्परता देखाउनेलाई प्राथमिकता दिने गरी सम्बद्ध केन्द्रीय तथा स्थानीय विकास आयोजना तथा कार्यक्रमहरूको छनौट तथा कार्यान्वयनको आधार बनाई उत्प्रेरित गरिनेछ ।

**कार्यान्वयन तथा अनुगमन व्यवस्थाः**

**क.** स्थानीय तहदेखि केन्द्रिय तहसम्मको कृषि क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित तहमा (गाउँ, जिल्ला, क्षेत्र, केन्द्र) सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक पद्धतिलाई बढावा दिइनेछ । महिला, दलित एवं पिछडिएको वर्ग सम्बन्धी सूचना तथा तथ्याङ्कहरूलाई पनि सूचना प्रणालीमा ल्याइने छ ।

**ख.** कृषि सम्बद्ध निकायहरूबीच सहभागितात्मक एवं समन्वयात्मक रुपमा योजना तर्जुमा,

कार्यक्रम कार्यान्वयन तथा अनुगमन गराई यो नीति कार्यान्वयन गराउन राष्ट्रियस्तरमा राष्ट्रिय कृषि विकास समिति रहने छ । राष्ट्रिय कृषि विकास समितिलाई सघाउन केन्द्रमा केन्द्रीय कृषि विकास कार्यान्वयन समिति र क्षेत्रीयस्तरमा क्षेत्रीय कृषि विकास समिति रहने छन् । स्थानीय तहमा गाउँ विकास समिति र जिल्ला विकास समितिहरूलाई स्थानीय स्वायत्त शासन ऐन अनुरुप योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जिम्मेवार बनाइने छ । जिल्ला तहमा जिल्ला कृषि विकास समिति र गाउँ विकास समिति तहमा कृषि समिति रहनेछन् । यिनले स्थानीय निकायहरूलाई यो नीतिको कार्यान्वयन र अनुगमन गर्नमा सघाउने छन् । राष्ट्रिय कृषि विकास समिति र स्थानीय निकायहरूलाई राष्ट्रिय कृषि स्रोत केन्द्रहरूले प्राविधिक पृष्ठपोषणको सुनिश्चितता दिने छन् ।

**ग.** यस राष्ट्रिय नीतिको कार्यान्वयनको क्रममा सम्बद्ध मन्त्रालयहरूले आ-आफ्नो कार्यक्षेत्रमा परेका विषयहरुको कार्यान्वयन गर्ने छन् । यस राष्ट्रिय कृषि नीतिको कार्यान्वयनको अनुगमन राष्ट्रिय कृषि विकास समितिले गर्नेछ । यस नीतिको कार्यान्वयन रणनीतिहरु र कार्यक्रमहरू तथा जिम्मेवार निकायहरू सम्बन्धी विषयमा सम्बन्धित मन्त्रालयहरुले स्वीकृति गराई लागु गर्नेछन् । साथै, वस्तुगत तथा विषयगत नीतिहरू निर्माण गर्दा यस राष्ट्रिय नीतिसँग नबाझिने गरी गर्नु पर्नेछ ।

**(ख) राष्ट्रिय कृषि नीति, २०६१ संग सरोकार रहेका नीतिहरु :**

- राष्ट्रिय कृषि नीति, २०६१
- विज्ञान तथा प्रविधि नीति, २०६१
- कृषि व्यवसाय प्रवद्र्धन नीति, २०६३
- कृषि जैविक विविधता नीति, २०६३
- जैविक प्रविधि नीति, २०६३
- दुग्ध विकास नीति, २०६४
- वाणिज्य नीति, २०६५
- जलवायुपरिवर्तन नीति, २०६७
- औद्योगिक नीति, २०६७
- पन्छी पालन नीति, २०६८
- खर्क नीति, २०६८

- पुष्प प्रवर्द्धन नीति, २०८९
- राष्ट्रिय भू-उपयोग नीति, २०६९
- राष्ट्रिय सहकारी नीति, २०६९
- आपूर्ति नीति, २०६९
- कृषि यान्त्रीकरण नीति, २०७१
- वन नीति, २०७१